त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २१ मितिः २०८०/०९/२८

भाग १

## त्रिपुरासुन्दरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक पर्ने कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिपुरासुन्दरी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम त्रिपुरासुन्दरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

२. **परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"ऐन"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले त्रिपुरासुन्दरी नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) **"नगरपालिका"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिका सम्झनु पर्छ।

(ङ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(छ) **"प्रदेश"** भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ ।

(ज) **"संघिय कानून"** भन्नाले नेपालको संविधान बमोजिम संघले बनाएको कानून सझनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तथा अन्य संघिय कानून र प्रदेश कानूनले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त त्रिपुरासुन्दरी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।





(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरर्गत वनेको नियमावलीको अधिनमा रही त्रिपुरासुन्दरी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः २०८०/०९/२८

आज्ञाले

जग्दिश चन्द्र नेपाली

प्रमुख प्रशासकीय अधिकृत